# स्थानीय राजपत्र

**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ९) भिमाद चैत १७ गते, २०८२ साल (सङ्ख्या १७**

## भाग २

## भिमाद नगरपालिकाको सूचना

भिमाद नगरपालिकाको मिति २०८२।१२।११ गतेको नगर कार्यपालिकाको निर्णयानुसार भिमाद नगरपालिकाको प्रतीक चिन्ह (Logo)) स्वीकृत गरेकोले नगरकार्यपालिकाको कार्यालय तथा यस मातहतका निकायहरूले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८२ मा उल्लेख नेपालको निशान छापका अतिरिक्त तपसिल बमोजिमको प्रतीक चिन्ह प्रयोग गर्न यो सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१. नेपालको राष्ट्रिय झण्डा र नगरपालिकाको भौगोलिक नक्सा प्रयोग भएको ,
२. भिमाद नगरपालिका, तनहुँ, गण्डकी प्रदेश, नेपाल, स्थाः २०७३ लेखिएको,
३. ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक महत्त्व र स्थानीय मौलिकताका सङ्केतहरु प्रयोग भएको जस्तैः ऐतिहासिक झोलुङ्गे पुल, भिमबाँध, शिवालय मन्दिर, सिद्धगुफा, धानको बाला, कृषि उत्पादन हुने उर्वर फाँट, घाङ्च ल्हुम (अग्लो ढुङ्गा), कालोपत्रे सडक, खुर्पेटो देखाइएको,
४. भेक्टर फाइलमा उपलब्ध भएको तथा डिजिटल र प्रिन्ट दुवै माध्यमबाट प्रयोग योग्य रहेको ,
५. नेपालको राष्ट्रिय फूल लाली गुरास राखिएको,
६. नगरपालिकाको भुगोल झल्किने डाँडाकाँडाहरू समावेश भएका,
७. श्यामस्वेत संस्करणमा पनि प्रयोग योग्य देखिएको,
८. यो लोगो स्थानीय राजपत्रमा प्रकाशित भएको मितिवाट लागु हुनेछ ।

आज्ञाले
सन्दिप पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

**सूचना तथा अभिलेख केन्द्र,भिमाद मुद्रित**

**मूल्य रू.१०।-**